# सर्वोत्तम सिमेन्ट लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाण्डौ, नेपाल
E-mail : info@sarbottamcement.com | Website : sarbottamcement.com

## छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०५)

आदरणीय, शेयरधनी महानुभावहरु,

सर्वोत्तम सिमेन्ट लिमिटेडको मिति २०८१ पुस ३ गते बसेको सञ्चालक समितिको २२९ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको छैटौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

## वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय

**मिति** : २०८१ साल पुस २६ गते शुक्रबार (तदनुसार १० जनवरी २०२५) ।

**समय** : बिहान ११:३० बजे ।

**स्थान** : रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका, आचलपुर स्थित होटल सिद्धार्थ भिलासा ।

## छलफल गर्ने विषयहरू

**(क) सामान्य प्रस्तावहरू**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८०/०८१ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजी रु ४,६५,००,००,०००।- को ३% का दरले हुन आउने रु १३,९५,००,०००।- (रुपैँया तेह्र करोड पन्चानब्बे लाख मात्र) (लाभांश कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने ।

५) विविध ।

**(ख) विशेष प्रस्तावहरू**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८०।८१ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ४,६५,००,००,०००।- को ७ % का दरले हुन आउने रु ३२,५५,००,०००।- (रुपैँया बत्तिस करोड पचपन्न लाख मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने ।

२) प्रस्तावीत वोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने ।

३) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

४) सञ्चालकहरुको सेवा सुविधा पारित गर्ने ।

५) विविध ।

संचालक समितीको आज्ञाले
**कम्पनी सचिव**

---

**साधारण सभा सम्बन्धि जानकारी**

१) साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८१/०९/१२ गते शुक्रवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा शेयरधनी दर्ता किताब बन्द (Book close) हुन भन्दा अघिल्लो दिनसम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन्।

२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान १०:०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको website: sarbottamcement.com मा पनि हेर्न सक्नुहुनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८१/०९/२४ गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

८. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय, तिनकुने काठमाण्डौमा सम्पर्क राख्न सकिनेछ । शेयरधनिहरुले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिन सक्नेछन् ।

१०. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।